# सेनवंशी राजाहरूको ऐतिहासिक परिचर्चा र पूर्वी पहाडका केही ब्राह्मण वंश

–कुलचन्द्र कोइराला

मकवानपुर, मोरङ्ग, विजयपुर, पाल्पा, तनहूँ, बुटवल आदि वर्तमान नेपालको अधिकांश भू-भागमा सोह्रौं शताब्दिमा सेन वंशी राजाहरूको राज्य भएको कुरा इतिहासले वयान गरेको छ। कर्णाली क्षेत्रका मल्ल राजाहरूको साम्राज्य टुक्रिएपछि सोह्रौं शताब्दीको मध्य-तिर मुकुन्द सेन प्रथमको विशाल साम्राज्य पूर्वी क्षेत्रमा कायम भयो। सो साम्राज्य अंशबण्डामा विभाजित नभएको भए पृथ्वीनारायण शाहको एकीकरणपछिको नेपाल जत्रै साम्राज्य थियो। किन्तु सेन राज्य साम्राज्यको रूपमा रहन सकेन र अंशबण्डाले गर्दा अस्तित्व नै लोप हुने अवस्थामा पुग्यो।

यत्रो विशाल साम्राज्य कायम गर्ने सेनहरू को थिए र कहाँबाट आए भन्ने कुरा निश्चित रूपमा किट्न सकिँदैन। वंशावलीकारले राजपूतानाको वीरताको चर्चा सुनेपछि नेपालका प्रत्येक ठकुराईको पुस्ता जोड्न मेवाड र चित्तौर पुगेका छन्। सेन वंशीहरूको वंशावलीकारको कथनमा पनि चित्तौरबाटै वंश शुरू भएको मान्नुपर्ने हुन्छ।

पाल्पामा सेनहरूको अभ्युदय हुनुभन्दा लगभग तीन सय वर्ष अगाडि एउटा सेन वंश पूर्व दक्षिण बंगालमा राज्य गर्थ्यो, जो आफूलाई ब्रह्म क्षेत्रीय र चन्द्रवंशी भन्दथ्यो। यिनका मूल पुरुष वीरसेन थिए जसलाई इतिहासकारहरू ब्राह्मण मान्दछन्। यिनका सन्तानले वीरोचित कार्य गरी लडाई–भिडाईमा कीर्ति बसाएकोले राज्य स्थापना गर्न समर्थ भए तथा ब्रह्म क्षेत्रीय कहलाए। देवपाडा अभिलेखमा सामन्त सेनद्वारा (कर्णाट क-कूल लक्ष्मीका लुटेराहरूको संहार गर्ने) दाक्षिणात्य क्षौणिन्द्र आदि उल्लेख गराएको देखिनाले इतिहासकारहरूले बङ्गाली सेनलाई कर्णाटक वंशी ब्राह्मण कुल नै मानेका छन्।

पश्चिमोत्तर बङ्गाल र विहारमा शासन गर्ने पालवंशी राजाहरूको चल्ती घटेको बेलामा यो वंशका राजा विजय सेन तथा वल्लाल सेनले (ई. ११६२) मा गोविन्द पाललाई हराई गौडेश्वर भन्ने उपाधि धारण गरे। यिनको राज्यमा बङ्गाल, विहार र मिथिला तथा पूर्वपट्टि बारेन्द्र, राढा आदि क्षेत्र सम्मिलित भएको ठूलो भूभाग थियो।

ई. सं. १२०२ मा बख्तियार खिलजीको आक्रमण-द्वारा पश्चिम–उत्तर बङ्गाल गुमाएपछि पनि पूर्वी क्षेत्रमा १२०६ सम्म लक्ष्मण सेनले राज्य गरिरहेका थिए। यिनको शेषपछि उनका छोरा नाती पनि विश्वरूप सेन तथा केशव सेनले अरू २०।२५ वर्षसम्म पूर्व–दक्षिण

बङ्गालमा शासन गरेको कुरा इतिहासकारहरूले उल्लेख गरेका छन्।

एकपटक मिथिला र विहारको पनि शासन गर्ने सेन वंश नै बङ्गालको पतनपछि पश्चिम उत्तरको पहाडी प्रदेशमा पसेर नयाँ राज्य खडा गरेको पनि हुन सक्छ। भवदत्तले तयार पारेको सेन वंशावलीमा रत्न सेनको तेह्रौं पुस्ताका राजा रुद्र सेन (ई. १५१३–४०) तिर पाल्पामा शासन गर्दछन्। पुग–नपुग २८८ वर्षपछि देखा परेका रुद्र सेनको पुस्ता जोड्ने हो भने बङ्गालमा हराएपछि पहाड पसेको तिथिक्रम मिल्न सक्ने देखिन्छ। यस सम्बन्धी तथ्यमा पुग्न निकै खोज हुनु आवश्यक छ।

बङ्गालका सेनवंशीसंग जुम्लाका राजाहरूको के सम्बन्ध थियो भन्न सकिदैन। उनीहरूले आफूलाई गौड-वंशी भनेका छन्। अशोक चल्लका पालामा गयामा राखेको अभिलेखमा "श्रीमल्लक्ष्मणसेनस्यातीत राज्य संवत ५१" अर्थात् लक्ष्मण सेनको राज्य गुमेको ५१ वर्षमा भन्ने उल्लेख भएकोले अशोक चल्लसंग लक्ष्मण सेनको के सम्बन्ध थियो ? शत्रुता कि मित्रता ? भन्ने प्रश्न सजिलै उठ्छ। भारतमा मालवं संवत्, शक संवत्, गुप्त संवत् र हर्ष संवत्-हरूको प्रचलन थियो। पहाडी भागमा रहेका अभिलेखमा शक संवत् उल्लेख गर्ने अशोक चल्लले लक्ष्मण सेनको पराजयको संवत् किन लेखाए ? यो कुरा गम्भीर अध्ययनको विषय भएको छ। नागराजका वंशसंग सेनं वंशीको किन घनिष्ट नाता सम्बन्ध थियो अथवा पालवंशी राजाका सन्तान सामन्त खानदानमा अशोक चल्ल भएका र पाल राजाहरूलाई परास्त गर्ने सेनहरूको पनि पतन देखाउन यो संवत् लेखाएका हुन्, विचारणीय छ। लक्ष्मण सेनले चलाएको प्रसिद्ध संवत्को उल्लेख नगरी राज्य गुमेको वर्ष उल्लेख गर्नुपर्ने कुनै रहस्यमय कारण अवश्य छ भन्न सकिन्छ। अशोक चल्लको वंश सूर्य वंश भएको र सेन वंश चन्द्रवंशी भएकोले उत्तराधिकारी चाहिं पक्कै होइनन् भन्ने कुरा स्पष्ट छ। अतः बङ्गालकै पाल वंशकै शाखामा अशोक चल्लहरू छन् कि त भन्ने तर्क उठ्छ।

नेपालको एकीकरण हुनुभन्दा पहिलेका बाइसी चौबीसी राज्यको लेखाजोखा गर्ने पहिलो कलम विदेशी विद्वान हेमिल्टनले उठाए। नेपालको एकीकरण भएको धेरै शताब्दी नहुँदै उनले यो प्रयत्न गरेकोले अरूको भन्दा विश्वस्त सामग्री जम्मा गर्न सफल भएनन्। यिनैको सङ्कलित आधार र पाल्पा नरेन्द्र रुद्रसेनको वि. सं. १५७१ को दानपत्र प्राप्त भएको आधार लिएर इ. शि. बाबुराम आचार्यले सेनवंशी राजाहरूको समय निर्धारण गर्नु भएको छ। आचार्यज्यूको निर्णयानुसार भानुभक्त स्मारक ग्रन्थको तिथि र पछि उहाँले देखाउनु भएको श्री ५ पृथ्वीनारायण शाहको जीवनीमा दिनु भएको तिथिमा भने फरक छ। हुन सक्छ, अन्य प्राप्त सामग्रीबाट लेखाजोखा गर्दा काल निर्धारणमा हेरफेर गर्नु परेको होस्। तर यस तिथि मितिलाई उहाँले आनुमानिक लेख्नु भएकोले ठोस प्रमाण उपलब्ध भएमा बदल्न सकिन्छ। यसै सन्दर्भमा प्राप्त प्रमाणको आधार-बाट यहाँ केही चर्चा परिचर्चा गर्न लागिएको छ।

पश्चिमी नेपालको पाल्पा बुटवलमा राज्य गर्ने सेनहरूको पहिले कति पुस्ता बिते, त्यो कुराले त्यति महत्त्व राख्दैन। रुद्र सेन र उनका छोरा मुकुन्द सेन प्रथमदेखि नै सेनवंशको उत्कर्ष शुरू हुन्छ। यिनका समयमा पाल्पा, बुटवल भैरहवाको तराईदेखि पूर्वमा टिष्टा नदीको तराई क्षेत्रसम्म र पहाडमा तिमालदेखि पूर्व इलामसम्मको भू–भागमा आधिपत्य जमाउन सेनहरू सफल भए। यद्यपि किराँत र लिम्बुआन प्रदेशको स्वायत्त शासन गर्ने राई र लिम्बु सामन्त राजाहरू थिए। उनी-हरू पनि सेनवंशी राजाहरूको मन्त्रीको रूपमा रहेर काम गरेको इतिहास पाइएकोले सेनहरूको आधिपत्यलाई स्वीकार गरेको मान्नुपर्ने भएको छ। यसको अन्य उदाहरण किराँत क्षेत्र तथा अन्य पहाडी भू–भागमा यसरी विर्तावेख दिएर राखिएका परिवार, उमराव-हरूबाट राज्यको सुरक्षा नै हुन्थ्यो। साथै नयाँ जङ्गल पर्ती पनि आवाद हुन्थ्यो। पछि नेपालको एकीकरणमा पनि यस्ता विर्ताबाट र वेखभोग गर्ने उमरावहरूले नै सघाउ पुऱ्याएका थिए।

मुकुन्दसेन प्रथमभन्दा पहिले बारा, पर्सा, रौतहट, महोत्तरी, सप्तरीमा को को राजा थिए भन्ने कुरा खोजीको विषय छ। पहाडी क्षेत्र, माझ किराँत र पल्लो किराँतमा राई र लिम्बु माण्डलिक राजा थिए। किन्तु

बीचको भागमा कसको अधिकार थियो, त्यो पनि भन्न सकिंदैन ।

इतिहासकारहरूको भनाइ अनुसार मुकुन्द सेनको कान्छा छोरा लोहाङ सेनले बाबुकै पालामा मकवानपुर गढीलाई पूर्वपट्टिको मुकाम बनाएर पूर्वी क्षेत्र पहाड र तराईको भू–भागमा दखल गरे। मकवानपुरलाई सांस्कृतिकीकरण गर्नेहरूले मुकुन्दपुर वा माकन्दपुरको नाम दिएका छन् । तर कतिपय इतिहासका पानामा मोकांपुर भनेको पाइएकोले वास्तवमा पूर्वपट्टिको मुकाम भएको नाताबाट नै मोकांपुरको मकवानपुर भएको हो भन्न उचित हुन्छ ।

विशाल साम्राज्य आर्जन गर्ने मुकुन्द सेनले छोरा-हरूलाई राज्यको अंश भाग लगाइदिएकोले ठूलो भू–भाग टुक्रा–टुक्रामा विभाजित भयो । पूर्वी क्षेत्र दखल गर्ने कान्छा छोरालाई मकवानपुरभन्दा पूर्वपट्टि मोरङ्ग विजयपुरसम्मकै राज्य दिएर राजा बनाए। पहिले यस क्षेत्रका प्रान्तवाल र पछि बाबुकै जीवितावस्थामा नै लोहाङ सेन राजा भएको कुरा इतिहासकारहरूले मानेका छन् । योभन्दा पहिले मोरङ्गमा कोचे राजाहरूको राज्य थियो ।

बाबुराम आचार्यको पछिल्लो काल निर्धारण अनुसार, मुकुन्द सेन (ई. १५४०–७५ आ.) वि. सं. १५९७–१६३२ र लोहाङ सेनले ई. १५७०–१६१० सम्म राज्य गरेको अनुमान लेखिएको छ । वि. सं. १६२७ देखि १६६७ सम्म चालीस वर्षको शासनपछि उनका छोरा राघवसेन विजयपुरको गद्दीमा बस्दछन् भन्ने कुरा मान्नु पर्ने हुन्छ जुन प्राप्त प्रमाणसंग मेल खाँदैन ।

उपर्युक्त समयको तालिका दिंदा पहिले र पछिका काल निर्धारणमा किन फरक पारियो, बुझ्न सकिएको छैन । किनकि वि. सं. १६५१ को दुम्जा विर्ता, १६५५ को हँवार दिङदिङ विर्ता र वि. सं. १६५८ को धोक्सिला विर्ता दिने मकवानी राजा राघवसेन देखिन्छन् । आचार्य-ज्यूको पछिल्लो मितिले वि. सं. १६६७ सम्म लोहाङ सेन नै राजा देखिन्छन् । विर्ता प्राप्तिका साल मिति भने स्याहा मोहर वंशावली र अनुश्रुतिका आधारमा निश्चित छन् । यस आधारबाट बाबुराम आचार्यले उल्लेख गर्नु भएको पुरानो काल निर्णय, जसलाई श्री बालचन्द्र शर्माले पनि आफ्नो इतिहासमा उल्लेख गर्नु भएको छ, त्यही नै ठीक देखिन्छ । अर्थात् वि. सं. १६०० देखि वि. सं. १६४८ को आसपाससम्म लोहाङ सेन राजा थिए र त्यसपछि राघवसेन राजा भए र वि. सं. १६४८ देखि वि. सं. १६८८ सम्म राघव सेनले मकवानपुर इलाकाको तराई समेत मोरङ्ग विजयपुरमा बसेर राज्य गरे ।

राघवसेन जनप्रिय राजा थिए भनिन्छ । यिनले हिन्दूपतिको उपाधि धारण गरेको कागजहरूबाट देखिन्छ । राघव सेनका छोरा हरिहर सेनले उत्तर विहारको गोण्डा वारा जिल्लासम्म अधीनस्थ गरेकोले हिन्दूपतिको पद धारण गरेको कुरा इतिहासमा उल्लेख भएको छ । यो कार्य बाबुकै पालामा हरिहर सेनले गरेका हुन् । किनकि बाबुले नै उक्त हिन्दूपतिको उपाधि धारण गरेको कुरा "एकाउण्ट अफ द किङदम नेपाल" भन्ने पुस्तकमा पृ. १६३ मा डा. ह्यामिल्टनले पनि उल्लेख गरेका छन् र यहाँ उद्धृत स्याहा मोहरबाट पनि त्यो कुरा प्रमाणित हुन्छ ।

वि. सं. १६८८ तिर हरिहर सेन बाबुका गद्दीमा बसे । यिनले मकवानपुरभन्दा पूर्वपट्टि वाग्मतीको किनार माथि डाँडामा प्रसिद्ध हरिहरपुर गढी बसाए । यो फौजी अड्डा र राजदरबार पनि भएको ठाउँ हो। यो ठाउँ वर्तमानमा मकवानपुर र सिन्धुली जिल्लाको सिमानामा पर्दछ। यस्तै गण्डकीदेखि टिष्टासम्मको तराई भाग पनि सेनराज्यकै अङ्ग थियो ।

कान्तिपुरका राजा प्रताप मल्ल (वि. सं. १६९८–१७३१) हरिहर सेनको समकालीन थिए र यी दुवै राजाले कुछ–विहारका राजा वीरनारायणकी छोरीहरूसंग विवाह गरेका थिए । महादेवी र माहेश्वरी दुई छोरी हरिहर सेनका रानी थिए र रूपमति र अनन्तप्रिया प्रताप मल्लका रानी थिए। हरिहर सेन र मुगलहरूको युद्ध वि. सं. १७२१ मा भएको थियो भन्ने उल्लेख इतिहासकारहरूले गरेका छन् । यसपछि हरिहर सेनले मुगललाई हात्ती र केही रकम दिने गरेको कुरा पनि उल्लेख पाइन्छ ।

हरिहर सेनले बारा पर्सादेखि टिष्टाको तराई र मोरङ्ग दक्षिण गङ्गा किनारसम्मकै भागको विजयपुरमा बसी राज्य गरेका थिए। पहाड सिन्धुलीदेखि इलामसम्म कै भाग पर्थ्यो। यिनका जेठी रानीपट्टिका तीन भाइ र कान्छी पट्टिका एक भाइ समेत ४ भाइले राज्यको निम्ति झगडा गरेकोले नातादार हुँदा प्रताप मल्लले मध्यस्थता गरे कि भन्ने इतिहासकारहरूको भनाइ छ। प्रमाण भने पाइएको छैन। यो मध्यस्थता भएको भए वि. सं. १७३२ पछि हुनु पर्छ। यो झगडामा छोराबाट हरिहर सेन जेलमा परेका थिए।

यसरी जेठीपट्टिका छोराहरूसंग हरिहर सेनको वैमनस्य भएकोले जेठा छोरा छत्रपति सेनका अदनुका नामकी रानीबाट जन्मेका नाबालिक छोरा इन्द्र विधाता सेनलाई विजयपुरका गद्दी र कान्छीपट्टिका महाकुमार शुभ सेनलाई मकवानपुर गढीको राज्य बाँडी नातीको संरक्षक आफू बनी झगडा सुल्झाए। राज्यको साँध पहाडपट्टिको दूधकोशी र तराईतर्फ कमला नदीको साँध थियो भन्ने इतिहासविद्हरूको लेख भए पनि कमला वारी पर्ने जनकपुरमा श्रीराम जानकी प्रितभ गरी मोरङ्गका राजा इन्द्र विधाता सेनले दानपत्र गरिदिएको यो साँध कमला नभएर महोत्तरी जिल्लाको पश्चिम भागमा पर्ने रातु नदीको सीमा रेखा कायम भएको देखिन्छ। यसो हुँदा उपत्यका आउने सिन्धुलीको बाटो मकवानपुर मातहतमा र कमला तीन पाटन हुँदै आउने बाटो विजयपुर राज्यमा पर्दथ्यो।

इन्द्र विधाता सेनको ११११४ को उपर्युक्त दानपत्रलाई १८०८ मा हेमकर्ण सेनले थमौती गरेको प्रमाण प्राप्त भएकोले इन्द्र विधाता सेन र शुभ सेन थुनामा परेपछि शुभ सेनका छोरा मान्धाता सेन, मानिक सेनको राज्य कायम हुँदा मात्र कमलाको साँध लागेको देखिन्छ। १७८० र १७८४ को दानपत्रमा वर्तमान धनुषाको जग्गा दान दिने मकवानी राजा मानिक सेन नै देखिन्छन्।

इन्द्र-विधाता सेनले प्रयोग गरेको संवत्को बारेमा कुन संवत् हो भन्न सकिएको छैन। भारतमा ई. सं. ३१९–२० देखि चलेको गुप्त संवत् र शक संवत् तथा वि. सं. एवं लक्ष्मण संवत् समेत कुनैसंग मेल नखाएकोले यसलाई ई. सं. ६०६ देखि चलेको हर्ष संवत् हो कि भन्ने शङ्का गरिएको थियो। तर यो पनि १४ वर्ष जति फरक पर्छ। यसलाई ई. सं. ६२२ देखि शुरू हुने हिजरी संवत् मानौं भने ६२२+१११४=१७३६ मा थप ५७ जोड्दा १७७३ वि. सं. हुन्छ र सं. १७८० मा मानिक सेन राजा भैसकेको कुरा जनकपुर वेलाहीपट्टिका महन्तलाई गरिदिएको दानपत्रबाट थाहा हुने हुँदा हिजरी संवत् भन्न पनि सकिएन। किन्तु हिजरीको गणनामा चान्द्रमान भएकोले यो हिजरी सं. नै होला भन्ने विद्वानहरूको तर्क पाइन्छ।

दिल्लीमा वि. सं. १५१७ मा औरङ्गजेव गद्दीमा बसेका थिए। वि. सं. १७२१ मा हरिहर सेन र मुगलको युद्ध भएको र इ. सं. १६७५ तदनुसार वि. सं. १७३३ मा विजयपुर र मकवानपुरको राज्य वँटवारा विजयपुरमा इन्द्र–विधाता र मकवानपुरमा शुभ सेन गद्दीनसीन भएका थिए। नातीका साथ हरिहर सेन मोरङ बसे। उनको राज्यभोग ४५ वर्ष देखिन्छ।

जनकपुर राम मन्दिरका चतुर्भुज गिरीलाई गरिदिएको ११११४ को इन्द्र विधाता सेनको दान पत्रको संवत्ले भ्रम पारेको छ तापनि यो दानपत्र वि. सं. १७३३ पछिको हुनु पर्छ। ह्यामिल्टनको कथनानुसार वि. सं. १७६३ को आश्विनतिर नै शुभ सेन र इन्द्र विधाता सेन दुवै काका भतिजा षडयन्त्रमा पक्रिएर पूर्णियाका नबावको कैदमा परिसकेका थिए। ई.सं. १७८६ को अन्तिमतिर इन्द्र विधाता पक्रिएकाले सहायतार्थ उनको रानीले लिम्बु भारदारलाई लेखेको चिठ्ठी (इ. प्र. प्रथम, पृ. ९१ मा) बाट पनि यो कुरा प्रमाणित हुन्छ। इ. सं. १७०६ सेप्टेम्बर तदनुसार १७६३ सालमा शुभ सेन र इन्द्र विधाता सेन पक्रिएपछि मकवानपुर मोरङको गद्दी खाली रह्यो र इ. सं. १७०७ मा औरङ्गजेवको मृत्युपछिको गृहयुद्धमा पूर्णियाका र दक्षिण विहारका मुस्लिम हाकिमहरू पनि सम्मिलित भएका र भाइहरूको हत्या गरी जेठा छोरा बहादुर शाहले दिल्लीको गद्दी हात

लगाएपछिको दिल्लीको शासनमा शिथिलता आएको हुँदा पूर्णिया र दरभङ्गाका मुगल सर्दारहरूको महत्त्व पनि शिथिल भएकोले विजयपुर मकवानपुरका मन्त्रीहरूले मिलेर शुभ सेनका जेठा छोरा मान्धाता (महिपति) सेन लाई विजयपुर र कान्छा मानिक सेनलाई मकवानपुरको गद्दीमा राखेर दक्षिण तराईमा कमला र उत्तर पहाडमा दूधकोशीको सिमाना लगाए। यो घटना सन् १७६५ (ई. सं. १७०८) को हो भन्ने कुरा पुराना इतिहासकार-को मन्तव्यबाट थाहा हुन्छ। विजयपुरको दक्षिण सीमा पूर्णिया शहरको मधुवनीसम्म थियो भन्ने प्रमाण पाइन्छ। १७३० सम्म शुभसेन महाकुमारको नामले शासन गर्छन्। त्यसपछि नै राज्य बँटवारा भै १७३३ को लगभग शुभ सेन मकवानपुरको बैध राजा हुन्छन्। १७३७ मा वृढा राजा हरिहर सेनको मृत्यु भएको थाहा पाएपछि भाइ झगडामा उल्झेका शुभ सेनलाई कमजोर देखेर मकवानपुरको इलाकामा पाटन, भक्तपुरको सहायता लिएर काठमाडौंका राजा पार्थिवेन्द्र मल्लले मन्त्री वंशीधरलाई पठाई १७३८ को वैशाख कृष्ण द्वितीया आइतबारका दिन सिन्धुलीगढीमा लडाई गरी हात पार्छन्। त्यसको चौथो दिनमा दिङदिङ पातले (सिन्धुलीगढीबाट ४ कोश पूर्वः), तीन पाटन (ऐं बाट ७ कोश पूर्व) दखल गर्दछन् (ठ्यासफूए मे भने ३) किन्तु यो विजय दिगो रहेन भन्ने कुरा १७४० को शुभ सेनको विर्ता थमौतिबाट थाहा पाइन्छ। १७३८ को सिन्धुली युद्धको तीन महीनापछि इन्द्र विधाता सेनलाई मोरङबाट भगाई काठमाडौं ल्याएको वर्णन (ठ्या ए. पृ. १४) मा उल्लेख छ। कारण भने थाहा पाउन सकिएको छैन।

यो सिन्धुली विजयको अभियान असफल भएपछि कान्तिपुर, ललितपुर, भक्तपुर, गोर्खा, लमजुङ्गका राजा मिली मकवानपुरसंग युद्ध गरेको वर्णन वंशावली तथा ठ्यासफू ए. मा लेखिएको छ। यो युद्धको नायक श्रीनिवास मल्ल भएकोले युद्ध १७३९ र ४० बीचको भएको हुनु पर्छ। शुभ सेनले तनहूँको सहायता-बाट यी आक्रामकहरूलाई भगाएको उल्लेख पाइन्छ।

प्राप्त प्रमाणबाट वि. सं. १७४० को बीचमा सिन्धुली दिङदिङ मकवानपुरको अधीनमा न थियो। १७४० कार्तिक शुक्ल १५ मा शुभ सेनले सिंधुलीगढीको पूर्व–उत्तरमा रहेको "हैवार दिङदिङ मन्दिजोर" विर्ताको थमौती गरिदिएको स्याहा मोहर यसैको परि–शिष्ट नं. १ मा छ। यसबाट १७४० भन्दा अगाडिका सिन्धुली युद्धको परिणामले उपत्यकालाई फाइदा भएन वा विजय स्थायी भएन भन्ने कुरा स्पष्ट हुन्छ।

पाटनका राजा श्रीनिवासको १७४२ मा राज्य त्याग भएकोले योगनरेन्द्र राजा भए। १७४४ मा पार्थिवेन्द्र मल्ल विषद्वारा मारिएपछि भूपालेन्द्र मल्ल काठमाडौंका राजा भए। भूपालेन्द्र मल्ल राजा हुने बित्तिकै इन्द्र विधाता सेनलाई काठमाडौं बोलाएको र मित्रता स्थापित गरेको एवं पाटनका राजा योग नरेन्द्र मल्लको नेतृत्वमा पुनः मकवानपुरसंग तीनै वटा राज्यका सेना गै युद्ध गरेको र ८ दिनपछि इन्द्र विधाता सेन पनि गएको उल्लेख (ठ्यासफू ऐ) मा उल्लेख भएको छ। १७४० मा शुभ सेनले सिंधुलीगढी नजीकको हैवार विर्ता (राघव सेनले दिएको) थमौती गरेका र १७४५ मा उक्त विर्ताको झगडा पर्दा भने कान्तिपुरका राजा भूपालेन्द्र मल्लले उक्त झगडा छिनी साँध किल्ला गरिदिएको देखिएकोले सिंधुलीगढीका आसपासका इलाका त्यो बेलातिर काठमाडौंको मातहतमा आइसकेको देखिन्छ। यो अधीन युद्धको विजयबाट भयो अथवा इन्द्र विधातासंगको मित्रताले गर्दा शुभ सेनले पनि छाडिदिए, निश्चित रूपले भन्न सकिने प्रमाण पाइँदैन। पाटनका राजा योगनरेन्द्र मल्ल नै त्यस बेला तीनै वटा राज्यका प्रमुख थिए। युद्धबाट विजय गरेको भए हैवार विर्ताको मुद्दा योगनरेन्द्रले नै हेर्नुपर्ने र तीनै राज्यको भए भक्तपुरले पनि हेर्न सक्ने थिए। भक्तपुरको इलाका नाघी काठमाडौंमा हैबारका विर्तावारले पूर्पक्ष गर्नु परेको देखिनाले मित्रताको आधारमा नै केही रकम बुझाउने गरी भूपालेन्द्रले सिंधुलीगढीको इलाका प्राप्त गरे कि भन्ने शङ्का पनि हुन सक्छ। विहारसंगको व्यापार मार्ग सिंधुली भएर जाने हुँदा ठेक्कामा काठमाडौंले उक्त इलाका लिएको थियो कि भन्ने शङ्काले

यसो भनिएको हो। यस्तै इ. सं. १६९६ (वि. सं. १७५३ माघ) कान्तिपुरका राजा भूपालेन्द्र मल्ल र उनकी आमा ऋद्धि लक्ष्मी समेत हात्ती खेदामा गै ललितपुर, भक्तपुरलाई समेत एक एक हात्ती ल्याइदिएको उल्लेख ठ्यासफू ऐ. मा देखिएकाले यो बेलासम्म मकवानपुरले सिन्धुलीगढी नफर्काएको कुरा ज्ञात हुन्छ। यसबाट युद्धमा जितेको नभै ठेक्कामा लिएकै कुराको समर्थन हुन्छ। युद्धमा लिएको भए त्यस बेला शक्तिशाली मकवानपुरेले नफर्काई छाड्ने सम्भव थिएन र यो बेला मकवानपुर र मोरङ्गको पनि आपसी मेल भैसकेको थियो। तराईबाट पहाड पस्ने सिन्धुली जिल्लामा पुराना मुख्य २ बाटा छन्। कमलाको किनारबाट तीन पाटन निस्की धाप चौकी भन्ज्याङ्ग काटेर दिङदिङ हुँदै आउने एउटा बाटो र कमलाको अथवा रातु नदीको तीरैतीर आई गोमती खोला पक्री सिन्धुलीमाढी, ढुङ्ग्रेबास, पौवागढी काटेर खुर्कोट झर्ने र कोशी किनारै किनार उपत्यका पस्ने मूल बाटो आजसम्म नै कायम छ। यसमा पहिलो बाटो कमलाको साँध हुँदा विजयपुरको भागमा पर्ने सप्तरीबाट पहाड पस्ने सुविधा भएको बाटो हो। दोस्रो महोत्तरी सर्लाहीबाट पहाड पस्ने बाटो हो। यी दुवै बाटो २०१५–१६ सालसम्म पनि निकै चल्तीका बाटा हुन्। सिन्धुलीगढीको बाटो तराईसंग सम्बन्ध राख्ने र बङ्गाल विहारको व्यापारिक मार्ग भएकोले उपत्यकाका निम्ति यी बाटाहरू निकै महत्त्व राख्दथ्यो। युद्धबाट होस् वा मित्रताले होस् जसरी पनि त्यो बाटोबाट आवागमन हुनु उपत्यकाका तीनै वटा राज्यका निम्ति आवश्यक भएकोले युद्धबाट सफल नहुँदा अन्य उपाय गरेको हुनुपर्छ। त्यो बेला कतिपय भू–भाग अधिकारवालासंग ठेक्कामा लिने चलन पनि थियो। पाल्पाका सेनवंशी राजाहरूले पनि अवधको नवाबबाट बुटवल दक्षिणका केही जिम्दारी ठेक्कामा प्राप्त गरेका थिए। ठेक्का प्राप्त गर्नेले नै यस्ता क्षेत्रको सम्पूर्ण प्रशासन गर्दथ्यो। पहाड, जङ्गल र आवादी भएको ठाउँ पनि वेख विर्ता भएकोले आम्दानीको स्रोत कम हुँदा शुभ सेनबाट इन्द्रविधाता सेनको प्रेरणाले ठेक्कामा सिन्धुली रामेछापका इलाका प्राप्त गरेको अनुमान हुन्छ। मकवानपुरलाई बाटोको खाँचो नपर्ने र भन्सारको आम्दानी ठेक्काबाटै प्राप्त हुने हुँदा त्यस क्षेत्रको रेखदेखको झन्झट पनि परेन।

काठमाडौंका राजा श्री भूपालेन्द्र मल्लले १९४५ मा हँवार विर्ताको झगडा छिनी गरिदिएको लालमोहरमा जस्तो हिन्दूपतिज्यू, त्यस्तै शुभ सेन, त्यस्तै उहाँको करारको झगडा मेटिदिएं भन्ने बोली परेकोले काठमाडौं र मकवानपुरको आपसी सद्भावनामा अन्तर परेको देखिदैन। लालमोहरमा लक्ष्मीनारायण प्रधान नै देखिएकाले उनी मारिएपछि भूपालेन्द्रकहाँ इन्द्रविधाता आएको कुरा (पृथ्वीनारायण शाहको जीवनी, भाग १) पनि मिलेको पाइएन। यो भन्दा अघि नै सिन्धुलीको हालीमुहाली कान्तिपुरले प्राप्त गरेको छ। यसमा अरू प्रमाण पाउन सकिएको छैन।

उल्लेखित ठ्यासफू ऐ. मा उल्लेख भएको दुई वर्षपछि पुनः उपत्यकाका तीन राज्य, गोर्खा र लमजुङ्ग मिली मकवानपुरसंग लड्न गएको उल्लेख गरी शुभ सेनको लागि बाह्य अतिक्रमणमा सहयोग गर्न गएको भन्ने अड्कल गरिएको भन्ने कुरा नै सत्य देखिन्छ। शुभसेनलाई सहयोग गरे बापत नै सिन्धुली रामेछापको इलाका कान्तिपुरलाई केही शर्तमा सुम्पेको कुरा नै वास्तविक रूपमा मान्नुपर्ने भएको छ र यसको आधार ठेक्का नै हुन सक्छ। अन्यथा यो इलाका पछिसम्म मल्लका अधीनमा रहन सक्ने थिएन। रुद्र सेन र उनका छोरा मुकुन्द सेनको राज्य पाल्पा, बुटवल, भैरहवा, नवलपरासीसम्म थियो र तनहूँ पनि एक अंश भएकोले शायद चितवन, मकवानपुर त्यसैको दक्षिणी भाग पर्सा, बारा, रौतहट अथवा सर्लाहीसम्मको भू–भागका कतिपय ठाउँहरू पहिले नै हस्तगत भएकोले त्यसको हेरचाह गर्ने पूर्वी मुकाम मोकामपुर गढी रहेको हुनुपर्छ। सेनको उदयभन्दा ४०० वर्ष अगाडि वर्तमान बारा जिल्लामा पर्ने सिमरौनगढमा दक्षिणबाट आएर कर्णाटक वंशी राजा नान्य देवले राजधानी बनाएका थिए। यो समय १०१९ शक संवत् (१०९७ इ.सं.) मानिन्छ। नान्यदेव सम्पूर्ण मिथिला क्षेत्रका राजा थिए। आजसम्म सिमरौनगढ परगनाको नामले नै दक्षिण भारतमा पर्ने मैथिल क्षेत्रको ठूलो भू–भागको सम्बोधन हुन्छ।

मैथिल क्षेत्रका लागि सिमरौनगढको कर्णाटक वंश आज-सम्म पनि श्रद्धेय मानिन्छ । सिमरौनगढमा नान्यदेवका ६ पुस्ताले राज्य गरेको कुरा इतिहासले सकारेको छ । इ. सं. १३२४ मा अन्तिम राजा हरिसिंहदेवका गुरु मिथिलाका राजा बनाइए, जसको नाउँ महेश्वर ठाकुर थियो । वर्तमान दरभङ्गा नरेशको वंश यही सुगौनाको क्षेत्रिय ब्राह्मण कुल हो ।

मुसलमानी इतिहासकार फिरिस्ताको लेखाइमा सिमरौनगढभन्दा दक्षिण घना जङ्गल थियो र जङ्गलभित्रको गढ र आवादीमा कसैको आँखा परेको थिएन । बङ्गालबाट फर्केका मुसलमानका सेनालाई स्वयं गएर हरिसिंहदेवका सेनाले जिस्क्याएर यो युद्ध भयो । यो कुरा स्थानीय अनुश्रुतिसंग पनि मेल खान्छ । घना साल सिसौको वनभित्र रहेको गढ वन दुर्गको रूपमा रहेको थाहा पाइन्छ । मैथिली वा भोजपुरी भाषामा सिमललाई सिमर भनिन्छ । यसकारण घना जङ्गलभित्र आवाद भएका ठाउँमा सिमलका रूख धेरै भएकोले गढको नाउँ सिमरौनगढ रह्यो होला । सिमल ज्यादै अग्लो रूख हुने हुँदा त्यसको तप्केनी (छायाँ) ले बाली-नालीलाई असर गर्दैन साथै अग्लो हुँदा त्यसमा चढेर चियोचर्चा गर्न पनि सजिलो पर्दथ्यो । र सिमल काट्ने आवश्यक पनि ठानिएन होला । कर्णाटक वंशीको पतन भएको लगभग डेढ –दुई सय वर्षभित्रै यो क्षेत्र सेनहरूको अधिकारमा आयो ।

सिमरौनगढको भग्न किल्लाको उत्तरी किल्लामा नान्यदेव र त्यसपछिका राजाको अस्तित्व बोध हुने खण्डहरहरू तथा मूर्तिकला र मृतभाण्ड पाइन्छन् । यसैको निरीक्षण गर्ने पुरातत्त्वविद्हरूले यसलाई एघारौं शताब्दीको शुरू बस्ती भनेर मानेका छन् । त्यस क्षेत्रको दक्षिणी भाग जहाँ आजकालको बस्ती र खेतहरू छन्, त्यहाँ खनिएको ठाउँ र खेत बनाउँदा खनेर पर्याँकिएका मृतमाण्डका अवशेष केलाउँदा गुप्तकालीन र मौर्यकालीन सभ्यताको परिचय पाइएको छ । पालिशदार काला र ग्रे वेयर भनिने इ. पू. तेस्रो चौथो शदीका मृतमाण्डहरू-को अवशेष त्यहाँ थुप्रै छन् ।

बुद्धकालीन लिच्छवी गणतन्त्रको राज्यविस्तार गण्डकीसम्म पुगेको थियो । उनीहरूको शासनकालमा दुर्गको रूपमा सिमरौनगढको जग बसेको हुनुपर्छ । अजात शत्रुको मारले अस्तव्यस्त भएको बज्जी तथा लिच्छवी संघका लिच्छवीहरूले सिमरौनगढको शरण लिए होलान्, कोही पछि वैशाली फर्केपछि पनि केही लिच्छवीवंश सिमरौनगढमै बसी आवादी चुरेसम्म फैला-एको हुनुपर्छ । इ. सं. को शुरूतिर सिमरौनगढबाट नै उत्तर पहाड आएर किराँती राजाहरूलाई हराई उपत्यका-मा शासन गर्न लिच्छवीहरू सफल भए । किराँतकै प्रजा भएर बसेका लिच्छवीहरूले २९ पुस्ता राज्य गर्ने बलिया किराँती राजालाई हराउन सम्भव थिएन । युद्ध कौशल सैन्य बल सबै चाहिने हुँदा एक ठाउँमा राज्य कायम गरेको राजवंशबाट मात्रै यो कुरा संभव हुन्छ । सिमरौनगढमा बस्ने लिच्छवीहरूले उत्तरतर्फको पहाडी भाग मुकामपुरमा पनि गढी बनाएका र महाभारत दक्षिणको पहाडी भाग पनि ईशा पूर्व नै अधीनस्थ गरेका थिए होलान् । यसकारण ४–५ सय वर्षदेखि नै वैशाली कुलबाट अलग रहेको हुँदा पछि लिच्छवी वंश विस्तार लेख्ने जयदेव द्वितीयले वैशालीको नाम लिएनन् तथा त्यहाँका लिच्छवीसंगको सम्बन्ध पनि चर्चा नगरेको हुनुपर्छ । लिच्छवीहरू नेपालका शासक भएपछि सिमरौनगढ राजधानीको सट्टा जबर्जस्त वनदुर्गको रूपमा मात्र रहेकोले यसैलाई जितेर नान्यदेवले राजधानी तुल्याए । सिम-रौनगढ फाँडेर राज्य बनाएनन् । पुरानै खण्डहरहरू सफा सुग्घर गरेर टुटेफुटेको बस्ती बनाएर राजधानी कायम गरे । यहाँ नयाँ बस्ती भएको कुरा निश्चित छ र विधिवत् उत्खनन् भएमा प्रामाणिक इतिहास फेला पर्छ । पुरातात्त्विक दृष्टिले सिमरौनगढ तिलौराकोट-भन्दा (पुरानो) प्राचीन हुनसक्छ जहाँ बुद्धकालीन सभ्यताका अवशेष पाउन सकिने सम्भावना छ ।

हरिसिंहदेव (१३२४ इ.) को पराजयपछि उजाड रहेको सिमरौनगढको तिरहुत राज्य पुनः लोहाङ सेनको प्रयत्नमा वि. सं. १५८० तिर हात लाग्यो ।

यो क्षेत्र वर्तमान पूर्वी नेपालभन्दा बढी नै हस्तगत भयो। गण्डकीदेखि कोशीसम्म र गङ्गाको उत्तरी किनारासम्म (पहिलेको बज्जी विदेह संघ) सम्मिलित भएको तिरहुत राज्यमा वर्तमान दरभङ्गा जिल्ला दरभङ्गा नरेशको अधीनमा रही बाँकी रहेको अन्य क्षेत्र राघव सेनको पालामा हरिहर सेनद्वारा गोण्डा, बारासम्म विजय गर्दा सेनहरूको महत्त्व बढेको थाहा हुन्छ। मिथिला क्षेत्रको विशाल भू–भागको अधिपति भएपछि नै मकवानी सेनहरूले गर्वसाथ आफूलाई हिन्दूपतिको उपाधिले सुशोभित गरे।

पूर्वी भारत (बङ्गाल विहार) मा राज्य गर्ने सेनवंशी राजाहरूको वंश नै शायद बङ्गालको राज्य पतन भएपछि भागेर पश्चिमी नेपालको पहाडी भाग-मा पसेकोले पुनः प्रभुत्व जम्यो। पूर्वी नेपाल किराँत प्रदेश भएकोले त्यहाँ प्रवेश गरी राज्य कायम गर्न सक्ने सपना कसैले पनि देखेनन्। पश्चिमी पहाड मगर, केही गुरुङ तथा क्षेत्रिय र बाहुनको प्रभुत्व भएको क्षेत्र भएको र उच्च राजकुलका क्षेत्रियप्रति स–सम्मान हेरिने हुँदा यहाँ प्रवेश गरी ठाउँ पाउन सजिलो थियो। राज्य स्थापनामा पनि सहयोग पाउन सके। राजपुत क्षेत्रिय र ब्राह्मणहरूको भने पश्चिम भेकमा नै पहिलो प्रवेश भएको हो।

यसरी पसेका सेनहरूले पाल्पा, बुटवलको राज्य हात पारेर बलियो जग लगाएपछि पूर्व बढ्दै गए। कर्णाटक वंशी हरिसिंहदेव भागेर खाली रहिरहेको सिमरौनगढ तथा मिथिलाको अन्य साना राज्य सेन-वंशीहरूले हात लगाए।

क्षेत्रियवंशी राजाहरूको जहाँ प्रभुत्व कायम हुन्छ, त्यहाँ विद्वान ब्राह्मण, वीर योद्धा क्षेत्री र अन्य वीर जातिले आश्रय पाउँथे। पाल्पा तनहूँमा यसरी नै ब्राह्मणहरू सहयोगी थिए र क्षेत्रियहरू वीर सेनानी थिए। सेनामा मगरहरूको बाहुल्य थियो। यस्तै मकवानपुरमा ढुङ्गेल, कोइरालाहरू गुरु पुरोहित र मन्त्रीहरू थिए भने बानिया र महत क्षेत्रीहरू सेनामा थिए। कार्की, थापा, खड्का र बस्नेत पनि सहभागी देखिन्छन्। सिन्धुलीका गोवार थापाहरू सेनहरूकै उमराव भएर त्यस क्षेत्रमा आवाद भएका हुन्।

दूधकोशी पश्चिमका क्षेत्रमा मकवानपुरबाट र पूर्वी क्षेत्रमा विजयपुर तथा चौदण्डीबाट प्रशस्तै वेख, विर्ता, माना, चामल, छाप पाएका छन्।

## सन्दर्भ स्रोत र परिशिष्ट

(१) सं. १६५५ को कालावंजर (जङ्गल) हुँबार दिङदिङ विर्ता दिने मकवानी दोस्रा।

(२) राजा राघवसेन हुन्। सं. १७३० मा मनु कोइरालालाई खुट्टाउँ (दिङला) विर्ता महाकुमार शुभ सेनले दिएका हुन्।

(३) संवत् १७४० मा विर्ता थमौतिको स्याहा मोहर (कालो छाप) गरिदिने राजा राघव सेनका नाती शुभ सेन हुन्। हैवार विर्ताका विर्तावार त्यो बेला वासुदेव थिए।

(४) हैवार विर्ताको पूर्वी भाग मेरो विर्ता भनी कीत लालमोहर देखाई दखल गर्ने मनिकण्ठ जैसीको विरुद्ध उजूर गर्दा काठमाडौंबाट गएका उमराव समेतका व्यक्तिले जाँची बुझी साँध सिमाना निर्धारण गरी गरिदिएको १७४५ लालमोहर काठमाडौंका राजा भूपालेन्द्र मल्लको हो।

(५) श्री ५ पृथ्वीनारायण शाहले उपत्यका विजय नगर्दै सेन राज्य मकवानपुर १८१९ मा दखल भएपछि सिंधुलीगढी क्षेत्रमा बस्ने विर्तावारलाई झिकाई नुवाकोटबाट वि. सं. १८२० मा विर्ता थमौति गरिदिएको लालमोहर।

(६) सं. १८२५ मा छोरीको विवाह गर्दा विर्तावारले दरबारमा बुझाउनुपर्ने खसी, बोका, माछा, घिउ, तेल समान र गोडधुवा बुझाउन ल्याउनू भन्ने रूक्का।

(७) १८२८ मा अमाली जागीरदारले हस्तक्षेप गर्दा वितलब (कुनै रकम तिर्नु नपर्ने) विर्ताका विर्तावारले अमाली नमान्नू दरबारै मान्नू लालमोहर।

(८) श्री ५ पृथ्वीनारायणको पूर्वी विजयपछि खुट्टाका कोइरालाहरूलाई पञ्च खत समेत हेर्ने अधिकार दिएको पत्र।

(९) श्री शुभ सेन राजा भएपछिको वंशावली समेत लेखिएको स्याहा मोहर।

उपर्युक्त प्रमाणहरूको केही फोटो राखिएको छ।

## सन्दर्भ स्रोतका परिशिष्टहरू







